# राजापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

☎०८४-४६०१६७
☎०८४-४६०१११


प.सं: २०८०/८१ (शिक्षा, युवा तथा खेलकुद शाखा)
च.नं. : 640

मितिः २०८१।०७।३०
नेपाल संवत् ११४५ कछलाथ्व चतुर्दशी

श्री सम्पुर्ण सामुदायिक विद्यालय
राजापुर नगरपालिका, बर्दिया।

विषयः विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने भराउने सम्बन्धमा।

प्रस्तुत विषयमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रको च.नं. ४४ मिति २०८१।०७।२९ गतेको पत्रानुसार विपन्न लक्षित छात्रवृत्ती व्यवस्थापन मापदण्ड, २०८० को दफा ७ उपदफा १ (क) अनुसार यस नगरपालिका स्थितका सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०८१ मा कक्षा ५ र ८ मा अध्ययनरत विद्यार्थीहरुका लागि आर्थिक वर्ष २०८१।८२ मा छात्रवृत्ति वितरण गर्ने प्रयोजनार्थ अनुसूची १ अनुसारको Proxy Mean Testing (PMT) फाराम सम्बन्धित विद्यालयबाट तपसिल बमोजिम भर्ने भराउने व्यवस्था गर्नुहुन अनुरोध गरिन्छ।

तपसिल

**PMT फाराम भर्ने प्रकृया:**

१. शिक्षा तथा मानव श्रोत विकास केन्द्रको वेवसाइट https://cehrd.gov.np वा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS वेवसाइट https://emis.cehrd.gov.np मा गई फाराम डाउनलोड गरी सूचना प्रकाशन भएको मितिले ४५ (पैतालिस) दिन भित्रमा फाराम भराई IMIS प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ।

२. उक्त फाराम विद्यालयले प्रिन्ट गरी कक्षा ५ र कक्षा ८ मा अध्ययनरत फाराम भर्न इच्छुक विद्यार्थी वा अभिभावकलाई उपलब्ध गराउनुपर्नेछ।

३. सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पुर्ण सूचकहरु सत्य साँचो भरी आफ्नो अभिभावकबाट प्रमाणित गराई प्रधानाध्यापक समक्ष पेश गर्नुपर्नेछ।

४. सम्बन्धित अभिभावक र विद्यार्थीबाट पेश भएको फाराम प्रधानाध्यापकले रुजु र सहि छाप गरी सम्बन्धित वडा कार्यालयमा प्रमाणिकरणको लागि पेश गर्नुपर्नेछ।

५. विद्यालयले माथि उल्लेखित प्रक्रिया पुर्याई विद्यालयमा प्राप्त PMT फारामहरु शिक्षा तथा मानव श्रोत विकास केन्द्रको वेवसाइट https://emis.cehrd.gov.np मा लगइन गरी सम्पुर्ण सूचकहरु भर्नु भराउनु पर्नेछ।

२०८१/०७/३०
शाखा अधिकृत

राजापुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
राजापुर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

☎०८४-४६०१६७
☎०८४-४६०१११

प.सं: २०८०/८१ (शिक्षा, युवा तथा खेलकुद शाखा)
च.नं. :

**IEMIS मा PMT फाराम प्रविष्टि गर्नका लागि:**

१. केन्द्रको वेवसाइट https://emis.cehrd.gov.np मा लग इन गरी Dashboard मा रहेको मेनुमा थिच्ने ।
२. PMT मेनुमा थिचेपछी वर्षमा २०८१, कक्षा मा ५ वा ८ छानी Load मा थिच्ने ।
३. PMT फाराम भरेको विद्यार्थीको नामको दायाँ तर्फ रहेको Action मा थिच्ने । PMT फाराम खुल्छ तहाँ विद्यार्थीको प्रमाणित PMT फाराममा भरेको विवरण हुबहु भर्ने ।
४. PMT फाराम IMIS मा प्रविष्ट गरेपछी प्रमाणित फाराम विद्यालयले सुरक्षित राख्ने ।

२०८१/०६/३०

दलबहादुर चौधरी
शाखा अधिकृत

नेपाल सरकार

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## समावेशी शिक्षा शाखा

सानोठिमी, भक्तपुर

फोन : ०१–६६३१०७५
फ्याक्स : ०१–६६३१९७२

प.सं.:- २०८१/०८२
च.नं. ४४

मिति : २०८१।०७।२९

श्री स्थानीय तह
सबै।

**विषयः विपन्न लक्षित छात्रवृत्तिका लागि फाराम भर्ने भराउने सम्बन्धमा।**

विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड, २०८० को दफा ७ उपदफा १(क) अनुसार सामुदायिक विद्यालयमा शैक्षिक सत्र २०८१ मा कक्षा ५ र ८ मा अध्ययनरत विद्यार्थीहरूका लागि आ.व. २०८१।०८२ मा छात्रवृत्ति वितरण गर्ने प्रयोजनार्थ यसै पत्रसाथ संलग्न अनुसूची १ अनुसारको Proxy Mean Testing (PMT) फाराम सम्बन्धित विद्यालयबाट तपसिल बमोजिम भर्ने भराउने व्यवस्था गर्नुहुन यस केन्द्रको मिति २०८१।०७।२९ को निर्णयानुसार अनुरोध छ।

सविता दङ्गाल
निर्देशक

तपसिलः

**१. PMT फाराम भर्ने भराउने प्रकृयाका लागिः**

१.१ यस केन्द्रको वेबसाइट https://cehrd.gov.np वा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System-IEMIS) को वेबसाइट https://emis.cehrd.gov.np मा गई PMT फाराम डाउनलोड गरी सूचना प्रकाशन भएको मितिले ४५ दिन भित्रमा फाराम भराई IEMIS प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ ।

१.२ उक्त फाराम विद्यालयले प्रिन्ट गरी कक्षा ५ र कक्षा ८ मा अध्ययनरत फाराम भर्न इच्छुक विद्यार्थी वा अभिभावकलाई उपलब्ध गराउनुपर्नेछ।

१.३ सम्बन्धित विद्यार्थीले विद्यालयबाट उपलब्ध भएको फाराममा उल्लिखित सम्पूर्ण सूचकहरू सत्य साँचो भरी आफ्नो अभिभावकबाट प्रमाणित गराई प्रधानाध्यापक समक्ष पेश गर्नुपर्नेछ।

१.४ सम्बन्धित विद्यार्थी वा अभिभावकबाट पेस भएको फाराम प्रधानाध्यापकले रुजु र सही छाप गरी स्थानीय तहमा प्रमाणीकरण (Verification) का लागि पेश गर्नुपर्नेछ।

१.५ विद्यालयले माथि उल्लेखित प्रक्रिया पुर्‍याई विद्यालयमा प्राप्त भएका PMT फारामहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट https://emis.cehrd.gov.np मा लगइन गरी सम्पूर्ण सूचकहरू भर्नु भराउनु पर्नेछ।

**२. IEMIS मा PMT फाराम प्रविष्टी गर्नको लागिः**

२.१ यस केन्द्रको वेबसाइट https://emis.cehrd.gov.np मा लगइन गरी Dashboard मा रहेको मेनुमा थिच्नुहोस्।

२.२ PMT मेनुमा थिच्नुहोस्। त्यसपछि वर्षमा २०८१, कक्षामा ५ र ८ छान्नुहोस्। Load मा थिच्नुहोस्।

२.३ PMT फाराम भरेको विद्यार्थीको नामको दायाँ तर्फ रहेको Action मा थिच्नुहोस्। PMT फारम खुल्छ। तहाँ विद्यार्थीको प्रमाणित PMT फाराममा भरेका विवरण हुबहु भर्नु पर्नेछ।

२.४ PMT फाराम IEMIS मा प्रविष्ट गरेपछि प्रमाणित फाराम विद्यालयले सुरक्षित राख्नु पर्नेछ।

बोधार्थः

श्री शिक्षा विकास निर्देशनालय,
सबै प्रदेशः आवश्यक समन्वय एवम् सहजीकरण गर्नु हुन।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबैः विवरण प्रविष्टी वा सम्प्रेषण गर्ने कार्यमा आवश्यक समन्वय एवम् सहजीकरण गर्नु हुन।

श्री सामुदायिक विद्यालय (सबै) : उपरोक्तानुसारको PMT फाराम भर्न भराउनु हुन र सोको विवरण IEMIS प्रणालीमा प्रवृष्टी गर्नुहुन।